# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

च.नं.:

**सूचना प्रकाशन मिति:२०७९/०६/२६**

**सूचना नं. ०१/२०७९/८० (तहवृद्धि)**

**स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ बमोजिम तह वृद्धि गर्ने सम्बन्धी सूचना।**

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को परिच्छेद ३ को दफा ९ र दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिएबमोजिमको मापदण्ड एवं न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको वर्षको कार्यसम्पादन मुल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तहवृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९को परिच्छेद ३ को दफा ९र दफा २८ बमोजिमको योग्यता पूरा गरेका तथा नकारात्मक सूचीमा नपरेका तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले बेनी नगरपालिकाको वेवसाइट www.benimun.gov.np मा रहेको तहवृद्धिको आवेदन फारम डाउनलोड गरी फारममा उल्लेखित विवरण खुलाइ नेपाली कागजमा प्रिन्ट गरी मिति २०७९/०७/०१ गते सम्ममा बेनी नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

२०७९।०६।२६

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत